नेपाल राष्ट्र बैंक

प्रेस समाचार

## नेपाल FATF अनुगमन सूचीमा नरहने निर्णय

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी आधारभूत रणनैतिक सुधारका क्षेत्रमा नेपालले गरेको प्रगति उल्लेख्य र महत्वपूर्ण रहेको उल्लेख गर्दै Financial Action Task Force (FATF) ले नेपाललाई आफ्नो सार्वजनिक सरोकारको सूची लगायत नियमित अनुगमनबाट समेत हटाएको छ। यही जुन २०१४ को FATF Plenary बैठकले नेपाललाई विश्वका अन्य चारवटा मुलुक सहित "Jurisdictions no longer subject to the FATF's on-going global AML/CFT compliance process" भन्दै ICRG Monitoring Process को प्रक्रिया अनुरूप आफ्नो नियमति अनुगमनबाट बाहिर ल्याएको हो। नेपाल सम्बन्धी त्यस्तो निर्णयमा FATF ले देहाय बमोजिमको व्यहोरा उल्लेख गरेको छ।

"The FATF welcomes Nepal's significant progress in improving its AML/CFT regime and notes that Nepal has established the legal and regulatory framework to meet its commitments in its action plan regarding the strategic deficiencies that the FATF had identified in February 2010. Nepal is therefore no longer subject to FATF's monitoring process under its on-going global AML/CFT compliance process. Nepal will work with APG as it continues to address the full range of AML/CFT issues identified in its mutual evaluation report."

उपरोक्त व्यहोराले सन २०१० देखि नियमित अनुगमनमा रहेको नेपाल त्यस्तो सुक्ष्म र नियमित अनुगमनबाट बाहिर आएको छ। फलस्वरूप आन्तरिक रुपमा नेपालले आवश्यक कानूनी तथा संस्थागत सुधारको पूर्वाधार तयार गरेको र अन्तर्राष्ट्रिय समन्वयको दृष्टिकोणबाट पनि छोटो छोटो अवधीमा बारम्बार नेपाल कालोसूचीमा पर्ने वा Counter Measures हुन सक्ने जोखिमबाट बाहिर आउन सफल भएको छ। AML/CFT विषय संसारका सबै मुलुकले नियमित रूपमा कार्यान्वयन गर्नुपर्ने विषय भएकाले अब नेपालले पनि तयार भएका नियम, कानुन र संस्थागत व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्नेछ। सुरु प्रतिबद्धता र आफ्नो रणनैतिक

योजना अनुरूप हालसम्मको कार्य भैसककेको अवस्थामा आगामी दिनमा देशहरूको मूल्याङ्कन प्रभावकारितामा आधारित हुन जाने देखिन्छ । यसै सन्दर्भमा सन् २०१८/१९ मा नेपालको तेस्रो मूल्याङ्कन हुने र उक्त मूल्याङ्कन मूलतः कार्यान्वयन र प्रभावकारितामा आधारित हुने भएकाले कार्यान्वयन पक्षको कमी कमजोरीका कारण आगामी दिनमा नेपाल माथि आउन सक्ने संभावित जोखिमबाट राष्ट्रलाई जोगाउन मूलतः कानुनी, नियमनकारी, अनुसन्धान तथा न्यायिक क्षेत्रमा परिणाममुखी उच्च सक्रियता अपरिहार्य छ ।

उक्त Plenary मा नेपालको तर्फबाट भाग लिन यस बैंकबाट डेपुटी गभर्नर महाप्रसाद अधिकारी पेरिस जानु भएको थियो । उहाँका साथ वित्तीय जानकारी इकाइका सहायक निर्देशक हरिकुमार नेपाल हुनहुन्थ्यो । APG Delegates को रूपमा सहभागी नेपाली टिमको नेतृत्व कानुन तथा न्याय मन्त्रालयका सचिव भेषराज शर्माले गर्नुभएको थियो भने अन्य सहभागीहरुमा अर्थ मन्त्रालयका सहसचिव नवराज भण्डारी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रमुख चूडामणि शर्मा र फ्रान्स स्थित नेपाली दुतावासका डिसिएम रामबाबु ढकाल हुनुहुन्थ्यो ।

FATF Plenary अर्न्तगत जुन २३ मा FATF/International Cooperation Review Group (ICRG) को नेपाल सम्बन्धी प्रतिवेदनमा छलफल भएको थियो । प्रतिवेदन प्रस्तुत गर्दै ICRG का Co-Chair ले नेपालले रणनैतिक कमजोरी खासगरी कानूनी र नियमनकारी क्षेत्रमा उल्लेख्य सुधार गरेको र अन्य थप कानूनी, संस्थागत र प्रभावकारी कार्यान्वयनका सम्बन्धमा APG ले नियमित अनुगमन गर्ने व्यहोराको प्रतिवेदन पेश गर्नुभएको थियो । प्रतिवेदनलाई आधार लिदै संसारका धेरै मुलुकहरुले नेपालको प्रगतिको सह्राना गर्दै बधाई दिएका र समर्थन गरेका थिए । सोही आधारमा सर्वसम्मतिमा नेपाललाई उक्त सूचीबाट हटाउन FATF Plenary समक्ष सिफारिस गरिएको थियो । सोही सिलसिलामा APG का Executive Secretary ले सम्पत्ति सुद्धीकरण निवारणमा नेपाल र नेपाली पदाधिकारीको कार्यशैली र लगाव Asia Pacific क्षेत्रमा नै उत्कृष्ट रहेको चर्चा गर्नुभएको थियो ।

Plenary ले अनुगमन सूचीमा रहेका ३३ देशमध्ये नेपाल लगायत केन्या, मंगोलिया, किजीस्तान, तान्जानिया समेत ५ देशलाई नियमित अनुगमनबाट हटाएकोमा सम्पत्ति शुद्धीकरण निवारणको संयन्त्र कमजोर रही उच्च जोखिम देखिएका २ देशलाई Public Statement/Black List मा राखी अन्य सबै देशले Counter Measures जारी गर्न एवम् त्यस्तो संयन्त्रको निर्माणमा पर्याप्त सुधार नगर्ने ५ देशबाट सिर्जना हुन सक्ने जोखिम विरुद्ध सबै देशलाई सतर्क हुन Public

Statement जारी गरेको थियो । साथै Plenary ले थप २१ देशलाई नियमित अनुगमनमा राखी अनुगमन बाहिरको १ देशको कानूनी संरचना सम्बन्धमा चासो राख्ने निर्णय गर्दै अन्य १३ देशको प्रगति विवरण उपर छलफल गरेको थियो ।

Plenary मा FATF का आगामी कार्य दिशा, सन २०१२ मा जारी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी नयाँ मापदण्ड र सन २०१४ देखि शुरु भएको कार्यान्वयन र प्रभावकारितामा आधारित मुल्यांकन पद्धतिका बारेमा समेत वृहत छलफल भएको थियो । यसैगरी यही जुलाई देखि लागू हुने गरी नियुक्त हुनु भएका अष्ट्रेलियन Mr. Roger Wilkins लाई FATF President र दक्षिण कोरियाका Je-Yoon Shin लाई Vice-President का रूपमा स्वागत गर्दै निवर्तमान रसियन President Mr. Vladimir Nechaev को योगदानका बारेमा समेत Plenary ले छलफल गरेको थियो ।

विगत आधा दशकदेखिको यस अभियानमा नेपालले आफ्नो निकै महत्वपूर्ण समय र स्रोत खर्च गरी यो उपलब्धि हासिल गरेको छ । यसरी हेर्दा देशमा संवैधानिक र राजनैतिक संक्रमणको अवस्थामा पनि देशलाई कालो सूचीमा पर्नबाट जोगाउँदै यो महत्वपूर्ण उपलब्धि हासिल हुन सकेको छ । वित्तीय प्रणालीको नेतृत्व लिने संस्था भएको नाताले नेपाल राष्ट्र बैंकको लागि त्यत्तिकै महत्वको यस विषयको अभियानमा सहयोग गर्नु हुने सबै राजनैतिक, प्रशासनिक, सञ्चार क्षेत्र लगायत स्वदेशी तथा विदेशी निकाय तथा महानुभावप्रति बैंक हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछ ।

२०७१ असार २० गते, शुक्रबार

गभर्नरको कार्यालय